**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः १३** **मितिः २०७८/११/०५**

## भाग-२

**धनगढी उप महानगरपालिका**

# नगर प्रमुख विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि २०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।११।०५**

**राजपत्रमा प्रकाशन मितिः २०७८।११।०५**

**प्रस्तावना** धनगढी उप महानगरापालिका अन्तरगतका विपन्न नागरिक  बिरामी हुदा उपचार गर्नका लागी आर्थिक अवस्था कमजोर भइ उपचारमा समस्या नहोस भन्नका लागी विपन्न नागरिकलाइ औषिध उपचारमा सहायताका लागी धनगढी उपमहानगरपालिकाको **नगर प्रमुख विपन्न नागरिक औषधि उपचार कोष** बाट खर्च हुने गरी आवश्यक सहयोग र व्यवस्थापन गर्न यस उप-महानगरपालिकाले **"विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि २०७८"** जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **" नगर प्रमुख विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि २०७८"** रहेको छ।

ख) यो कार्यविधि धनगढी उपमहानगरपालिका कार्यपालिकाले स्विकृत भएको मिति देखी लागु हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

क) **"आर्थिक रुपले विपन्न बिरामी नागरिक"** भन्नाले दफा ३ बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरिव परिवार परिचयपत्र बाहक आर्थिक रुपले विपन्न धनगढी उप-महानगरपालिकामा स्थायी बसोबास गरिरहेका बिरामी नागरिक सम्झनु पर्दछ।

ख) **"कडारोग"** भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स,अल्जाइमर्स,स्पाइनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनेमिया र थालासेमिया रोग सम्झनु पर्दछ।

ग) **"कार्यविधि"** भन्नाले आर्थिक रुपले " नगर प्रमुख विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि २०७८" सम्झुन पर्दछ ।

घ) **"उप महानगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिका सम्झुन पर्दछ ।

ङ) **"सिफारिस समिति"** भन्नाले दफा (३) मा भएको सिफारिस समिति सम्झनु पर्दछ।

३. **सिफारिस समितिः** (१) आर्थिक रुपले विपन्न बिरामी नागरिकलाइ उपचार सहायताको लागी सिफारिस गर्न देहाय बमोजिमको औषधि उपचार सहायता सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| क) धनगढी उप-महानगरपालिकाको नगर प्रमुख- | संयोजक |
| ख) धनगढी उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| ग) धनगढी उप-महानगरपालिकाको स्वास्थ्य शाखा प्रमुख- | सदस्य सचिव |

**२) उपदफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

क) आर्थिक रुपले बिरामी नागरिक वा एकाधर सगोलको व्यक्तिले उपचार सहुलियतका लागी आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्ने ।

ख) खण्ड क बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गरी यथासिध्र निर्णय गरी सहुलियत रकम उपलब्ध गराउने ।

ग) कडा रोगका लागी बाहेक अन्य रोगका लागी आर्थिक सहायता प्राप्त गरेका सेवाग्राहीहरुको अभिलेख राखी, सो विवरण मासिक रुपमा स्वास्थ्य शाखाले अनुसुची -३ बमोजिमको ढाचामा धनगढी उपमहानगरपालिकाको वेव साइट र अन्य सामाजिक संजालहरुमा सार्वजनिक गर्नेछ ।

**४. आर्थिक रुपले विपन्न नागरिकलाइ औषधि उपचार बाफत आर्थिक सहायता प्रदान गरिनेः**

(क) कडा रोग लागेका आर्थिक रुपले विपन्न नागरिकले अनुसुची- २ बमोजिम कागजात पेश गरेपछी नगरकार्यपालिकाको पालिकास्तरीय निर्णयबाट बढीमा रु दश हजार सम्म आर्थिक सहायता दिन सकिनेछ ।

ख) उपदफा (क) बमोजिमका रोग बाहेक अन्य रोग लागेका आर्थिक रुपले विपन्न नागरिकहरुले अनुसुची-२ बमोजिमका कागजात सहित उपचार बाफत लागेको खर्चको सक्कलै विलहरु पेश गरेमा ओ पि डि मा जाच

गरेकाका लागी बिल अनुसार बढीमा पच्चिस सय मात्र र अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने भएमा बिल अनुसार बढीमा पाच हजार मात्र सम्म आर्थिक सहायता उपलब्ध गराइनेछ।

**५. आर्थिक सहायता लिने र भुक्तानी गर्ने प्रक्रिया:** आर्थिक रुपले विपन्न बिरामी नागरिकहरुले सहुलियत रकम प्राप्त गर्नका लागी देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

क) विपन्न नागरिकले औषधि उपचार बाफत सहुलियत रकम प्राप्त गर्नक लागी अनुसुची-१ बमोजिमको ढाचामा स्थायी बसोबास भएको वडाको वडा कार्यालयमा निवेदन दिइ वडा कार्यालयबाट सिफारिस लिनु पर्ने छ।

ख) खण्ड (क) बमोजिमको निवेदन तथा आवश्यक कागजात प्राप्ता भए पश्चात दफा ३ बमोजिमको सिफारिस समितिले सो उपर आवश्यक जाचबुझ गरी सहुलियत रकमका लागी कार्यपालिकालाइ सिफारिस गर्नुपर्नेछ।

ग) विपन्न नागरिक उपचार सहुलियत बाफत सम्बन्धित विरामी वा नजिकको हकदारलाइ बैक चेक मार्फत भुक्तानी गर्नेछ।

घ) उपदफा (ग) बमोजिम नजिकका हकदार भन्नाले सगोलका बाजे, बज्यै, आमा, वुवा, पति वा पत्नि, सगोलका छोरा वा बुहारी, अविवाहित छोरी, सगोलका दाजुभाइ वा दिदि बहिनी, छोरा बुहारी को मृत्यु भइसकेको अवस्थामा निजहरुबाट जन्मेका नाति नातिनीहरु बुझ्नुपर्नेछ।

ङ) उपदफा (घ) बमोजिमका हकदारहरुले आर्थिक सहायतका प्राप्तीका लागी वडा कार्यालयबाट नाता प्रमाणित सहित परिचय खुल्ने नेपाली नागरिकता परिचय पत्रको प्रतिलिपी/ जन्म दर्ताको प्रमाण पत्र सहित निवेदन पेश गर्नु पर्नेछ।

**६. दोहोरो सुविधा उपलब्ध नगराइने:** यस कार्यविधि बमोजिम आर्थिक सहायता प्राप्त गर्न योग्य विरामीले धनगढी उप-महानगरपालिकाबाट एक आर्थिक बर्षमा एक पटक मात्र आर्थिक सहायता उपलब्ध गराइनेछ

**७. बजेटको व्यवस्थापन:** यस कार्यविधि बमोजिम आर्थिक रुपले विपन्न नागरिकलाइ औषधि उपचार बाफत आर्थिक सहायताका लागी आवश्यक पर्ने बजेटको व्यवस्था नगरकार्यपालिकाले मिलाउनु पर्नेछ।

**८. लेखा परिक्षण:** यस कार्यविधि बमोजिम आर्थिक रुपले विपन्न विरामोलाइ उपलब्ध गराइएको आर्थिक सहायताका सम्बन्धमा कानुन बमोजिम नगरपालिकाले लेखा परिक्षण गराउनु पर्नेछ।

**९. कारबाही तथा असुल उपर गरिने:** आर्थिक रुपले विपन्न नागरिकको उपचारको नाममा झुठ्ठा विवरण पेश गरी आर्थिक सहायता लिएको ठहरेमा कानुन बमोजिम सम्बन्धित सिफारिसकर्ता र सम्बद्ध कर्मचारीबाट असुल उपर गरिनेछ।

**१०. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लिखित बिषयमा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

**११. बाधा अड्काउ:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ।

**१२. खारेजी र बचाउ:** धनगढी उप-महानगरपालिकाको आर्थिक सहायता कार्यविधि २०७४ को दफा (१) को उपदफा (क) खारेज गरिएको छ।

अनुसुची- १

दफा (५) को खण्ड (क) संग सम्बन्धित्

**आर्थिक रुपले विपन्न बिरामी नागरिकहरुले आवेदन गर्ने फाराम**

श्रीमान संयोजक ज्यू

औषधि उपचार सहायता सिफारिस समिति

धनगढी उप-महानगरपालिका, धनगढी कैलाली

<table>
<tr><td><u>वैयक्तिक विवरण</u><br>बिरामीको नाम थरः उमेरः लिंगः<br>ठेगानाः धनगढी उप-महानगरपालिका वडा नं ........<br>ना.प्र.प.नं.<br>जन्म दर्ता प्रमाण पत्र नं( १६ बर्ष मुनिमा बालबालिकाको हकमा):<br>प्रमाणपत्र जारी जिल्लाः<br>जातिगत विवरणः परिवार संख्याः</td><td><u>आयश्रोत</u><br>पेशा/व्यवसायः<br><br>अनुमानित मासिक आयः<br>.............................</td></tr>
<tr><td><u>जग्गा जमिन</u>(क्षेत्रफल/स्थान स्थान समेत):<br>सवारी साधनः<br>बैक मौज्दातः<br>सुन चादीः<br>नगदः</td><td><u>बिरामीको रोगको किसिम</u></td></tr>
<tr><td>उपर्युक्त बमोजिम ठिक साचौ हो झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउला<br>निवेदकको नामः<br>ठेगानाः<br>दस्तखतः मितिः<br>सम्पर्क नं</td><td><u>संलग्न कागजातहरु</u><br>१) विरामीको नागरिकताको प्रमाणपत्र( बालकको हकमा जन्म दर्ताको प्रमाण पत्र)<br><br>२) रोग निदान भएको प्रेस्क्रिप्सन</td></tr>
<tr><td colspan="2">वडा कार्यालयबाट सिफारिसको व्यहोरा<br><br><br><br>सिफारिस गर्नेको नामः<br>पदः<br>मितिः कार्यालयको छापः</td></tr>
</table>

अनुसुची-२

दफा (४) को उपदफा (क) संग सम्बन्धित

**आर्थिक रुपले विपन्न विरामी नागरिकले औषधि उपचार सहायता रकम प्राप्त गर्नका लागी पेश गर्नु पर्ने कागजातहरुः**

- बिरामीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- बिरामी बालकको हकमा जन्मदर्ताको प्रतिलिपी
- बिरामी आर्थिक रुपले विपन्न नागरिक भएको र औषधि उपचार सहायता सम्बन्धि सम्बन्धित वडाको सिफारिस पत्र
- दफा ३ बमोजिमको समितिको सिफारिसको प्रतिलिपी
- चिकित्सकको प्रेस्क्रिप्सनको प्रतिलिपी
- दफा ४ अनुसारका विरामीहरुले औषधि उपचारमा भएको खर्चको विल भर्पाइहरु अनिवार्य पेश गर्नु पर्नेछ।

अनुसुची-३

दफा ३को उपदफा २(ग) संग सम्बन्धित

**धनगढी उप-महानगरपालिका अन्तरगतका आर्थिक रुपले विपन्न नागरिकले रोगको उपचारका लागी आर्थिक सहायता प्राप्त गरेको मासिक विवरण फाराम**

आ.व. २०७८/७९

महिनाः

| सि.नं. | नामथर | उमेर | लिंग | वडा नं | टोल | परिचयपत्र नं | रोगको नाम | प्राप्त सहुलियत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार पार्ने गर्ने
नामः
पदः
हस्ताक्षरः
मितिः

प्रमाणित
नामः
पदः
हस्ताक्षरः
मितिः

**आज्ञाले,**

...........................

**रामलाल श्रेष्ठ**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप-महानगरपालिका राजपत्र